नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन १९ गते २०३१ साल

श्री ५ को सरकार

प्रशासन व्यवस्था विभागको

सूचना

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहीछाप गर्ने अधिकारीले यस विभागका देहायका पदमा देहायका अधिकृतहरूलाई मिति २०३१।१०।१ देखि देहायबमोजिम बढीमा ३ महीनाको लागि कायम मकायम मुकरर गरेको छः–

१. रिक्त उ.स. पदमा शा. अ. श्री आदित्यनाथ भट्टराईलाई,

२. उ. स. श्री बिमलराज बस्नेत सह–सचिव पदमा का.मु. मुकरर हुनु भएकोले सो उ.स. पदमा शा.अ.श्री हरिहर शर्मा वाग्लेलाई,

३. उ.स. श्री उपेन्द्रबहादुर अमात्य घर बिदामा बस्नुभएकोले उहाँ हाजिर नभएसम्म सो उ.स. पदमा शा.अ. श्री नूतनराज श्रेष्ठलाई र

४. उ.स. श्री मुक्तिबहादुर मानन्धर घर बिदामा बस्नुभएकोले उहाँ हाजिर नभएसम्म सो उ.स. पदमा शा.अ. श्री गुञ्जबहादुर श्रेष्ठलाई ।

विष्णुप्रसाद खनाल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

प्रशासन व्यवस्था विभागको

सूचना

यस विभागका उ. स. श्री कृष्णप्रसाद अर्याल घरबिदा बस्नुभएकोले उहाँ हाजिर नभएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहीछाप गर्ने अधिकारीले यस विभागका शा.अ. श्री घनानाथ ओझालाई मिति २०३१।१०।७ देखि बढीमा ३ महीनाको लागि कायम मुकाम मुकरर गरेको छ ।

विष्णुप्रसाद खनाल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।